अनुसूची-५

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

मेलमिलापकर्ताको सूची अद्यावधिक सम्बन्धी सूचना

# श्री काठमाडौं जिल्ला अदालत

## सूचना

### विषयः मेलमिलापकर्ताको सूची अद्यावधिक गर्ने सूचना ।

उपरोक्त बिषयमा जिल्ला अदालत नियमावली, २०७५ को नियम ५० को उपनियम (१) वमोजिम अदालतले प्रत्येक वर्ष मेलमिलापकर्ताको सूची अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको हुँदा यस अदालतमा मेलमिलापकर्ताको रुपमा सूचीकृत भएका मेलमिलापकर्ताले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र अद्यावधिकको लागि विवरण सहित निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

निवेदन फाराम यस अदालतको वेभ ठेगाना **http://supremecourt.gov.np/court/kathmandudc** तथा मेलमिलाप शाखामा सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।

अदालतको तर्फबाटः

सहीः

नामः ज्ञानबहादुर कार्की

पदः शाखा अधिकृत

काठमाडौं जिल्ला अदालत
बबरमहल, काठमाडौं

श्री
# सर्वोच्च अदालत
(.......मेलमिलाप समिति....... शाखा)

पत्र संख्या
प्राप्त पत्र संख्या र मिति :
च.नं.: २२४

रामशाहपथ, काठमाडौं
४२००७२८, ४२००७२९,
४२००७५०
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८

Email: info@supremecourt.gov.np
admin@supremecourt.gov.np
Web: www.supremecourt.gov.np

सर्वोच्च अदालत काठमाडौं

विषयः- परिपत्र

मितिः- २०७६।०३।०१

श्री सबै उच्च अदालत तथा इजलासहरु,

श्री सबै जिल्ला अदालतहरु,

प्रस्तुत सम्बन्धमा अदालतहरुमा मेलमिलापकर्ताको रुपमा सूचीकृत र अद्यावधिक गर्ने सम्बन्धमा यो परिपत्र गरिँदैछ। मेलमिलापसम्बन्धी ऐन, २०६८ को दफा २० ले मेलमिलापकर्ताका रुपमा कार्य गर्न चाहने व्यक्तिले प्रमाणपत्रका लागि तोकिए बमोजिमको ढाँचामा मेलमिलाप परिषद् समक्ष निवेदन दिनुपर्ने र मेलमिलापसम्वन्धी नियमावली, २०७० को अनुसूची -२ ले मेलमिलापकर्ताका रुपमा सूचीकृत हुन निवेदन दिने तालिम प्राप्त व्यक्तिले अन्य कागजातका अतिरिक्त मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी निवेदन दिनुपर्ने व्यवस्था गरेको छ ।त्यस्तै, उच्च अदालत प्रेषित मेलमिलाप कार्यसञ्चालन निर्देशिका, २०७५ र जिल्ला अदालत प्रेषित मेलमिलाप कार्यसञ्चालन निर्देशिका, २०७५ को अनुसूची -२ ले मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन र अनुसूची -६ ले मेलमिलापकर्ताको नामावली अद्यावधिक गर्न मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत साथै राखी निवेदन दिनुपर्ने व्यवस्था गरेको छ। अतः मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन र अद्यावधिक गर्न सूचना प्रकाशित गर्दा तोकिएका अन्य कुराहरुको अतिरिक्त मेलमिलाप परिषद्बाट जारी भएको मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य संलग्न गरी निवेदन दिनुहुन भनी खुलाई सूचना प्रकाशित गर्नुहुन निर्देशानुसार अनुरोध गरिन्छ ।

२०७६।३।१

(विकाश कुमार रजक)

शाखा अधिकृत